

के तपाईंको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क १०६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ वैशाख १७ गते सोमबार ❑ 29 April 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## नेपालमा लगानी बढाउन नीतिगत स्पष्टता जरुरी छ : अमेरिकी राजदूत

**रासस**
काठमाडौं, १६ बैशाख

नेपालका लागि अमेरिकी राजदूत डिन आर थम्पसनले कुनै पनि मुलुकको आर्थिक समृद्धिका लागि नीतिगत स्थिरता आवश्यक भएकामा जोड दिएका छन् ।

अमेरिकी चेम्बर अफ कमर्श नेपालको आयोजनामा आइतबार यहाँ आयोजित 'युए-नेपाल व्यावासयिक सम्बन्ध अभिवृद्धि' विषयक अन्तरक्रियामा उनले नेपालले स्वदेशी वा विदेशी लगानी बढाउनका लागि नीतिमा स्पष्टता जरुरी रहेको बताए । उनले आर्थिक समृद्धिका लागि पारदर्शी, स्थिर र अनुमानयोग्य नीति आवश्यक रहेको भन्दै त्यसतर्फ ध्यान दिनुपर्ने उल्लेख गरे । "अमेरिका र नेपालबीच लामो समयदेखि सम्बन्ध रहिआएको छ, अमेरिका नेपालले समृद्ध लोकतन्त्र, आर्थिक वृद्धि तथा विकास र मानवअधिकार, सामाजिक न्यायका क्षेत्रमा प्रगति गरेको हेर्न चाहन्छ", उनले भने, "लोकतन्त्र र सामाजिक न्याय भयो भने आर्थिक समृद्धि हासिल गर्न सकिन्छ ।"

राजदूत थम्पसनले पछिल्लो समय अमेरिकी सरकारले विद्युतीय प्रसारण लाइन, सडकलगायतका पूर्वाधार क्षेत्रमा लगानीका साथै महिलाद्वारा सञ्चालित साना उद्यममा पनि सहयोग गरिरहेको बताए । युएस चेम्बर अफ कमर्शका दक्षिण एसियाका वरिष्ठ उपाध्यक्ष अतुल केशपले नेपालमा भोलिदेखि सुरु हुन लागेको लगानी सम्मेलनको पूर्वसन्ध्यामा आयोजित यसप्रकारको कार्यक्रमले सकारात्मक सन्देश प्रवाह हुने धारणा राखे । उनले नेपालमा डिजिटल अर्थतन्त्र, सूचना प्रविधि, कृषिलगायतका क्षेत्रमा लगानीको ठूलो सम्भावना भएको भन्दै यी क्षेत्रको विकासबाटै मुलुकमा समृद्धि हासिल हुने बताए ।

उनले लगानी बढाउनका लागि नीतिगत स्पष्टतामा जोड दिँदै लगानीमैत्री वातावरण बनाउन सके ठूलो लगानी भित्रनेमा विश्वास व्यक्त गरे । "अहिले नेपालमा भित्रने कुल प्रत्यक्ष विदेशी लगानीमा अमेरिकी लगानी तीन प्रतिशतमात्रै छ, लगानीमैत्री वातावरण र नीति हुने हो भने आगामी दिनमा यसलाई बढाउन सकिन्छ", उनले भने ।

अमेरिकी चेम्बर अफ कमर्श नेपाल (एमच्याम) का अध्यक्ष तथा मेटलाइफ नेपालका उपाध्यक्ष तथा प्रबन्ध निर्देशक निर्मलकाजी श्रेष्ठले नेपाल लगानीको ठूलो सम्भावनाको मुलुक भएको बताए । "नेपाल लगानीको सम्भावना भएको मुलुक हो, हाम्रो अहिलेको प्राथमिकता हालको लगानीलाई दिगो बनाउने र आगामी दिनमा अमेरिकी लगानी बढाउनु हो", उनले भने, "यसका लागि सबै साझेदारहरूको सहयोग आवश्यक छ ।" उनले युएस चेम्बर अफ कमर्शका दक्षिण एसियाका वरिष्ठ उपाध्यक्ष केशपले अमेरिकी चेम्बर अफ कमर्श नेपाललाई छोटो समयमा मान्यता दिलाउन खेलेको भूमिकाको चर्चा गरे ।

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग युएसएड नेपालका मिसन निमित्त निर्देशक करिन वेल्चले आफूहरूले सरकारी र निजी क्षेत्रसँगको सहकार्यमा विभिन्न काम

बाँकी अन्तिम पृष्ठमा ▶▶

## आइतबार दिउँसोदेखि पोखराको हवाई उडान पुनः सुचारु

**पोखरापत्र संवाददाता**
पोखरा, १६ बैशाख

आइतबार दिउँसोदेखि पोखराको हवाई उडान पुनः संचालनमा आएको छ । पर्यटनको राजधानि पोखराको शनिबार करिब ३५ वटा हवाई उडान प्रभावित भए पनि आइतबार भने दिउँसो १:०० बजे पछि भिजिबिलिटी पुगेसंगै हवाई उडान सुरु भएको विभिन्न एयरलायन्स कम्पनीहरुले जनाएका छन् ।

बाक्लो तुवाँलोका कारण भिजिबिलिटी कम हुँदा (प्रतिकूल मौसमका कारण) पोखराबाट हुने सम्पूर्ण उडानहरु शनिबार प्रभावित भएको थियो भने आइतबार दिउँसो १:०० बजेसम्मका सबै उडानहरु रद्ध गरिएको कम्पनीले जनाएका छन् । आइतबार पोखरा काठमाण्डौं तर्फ ८ वटा मात्र हवाई उडान भएको पोखरा अन्तराष्ट्रिय विमानस्थल कार्यालयले जनाएको छ । अन्य दिनमा प्रायः दैनिक ३५ वटा हवाई उडान हुने गर्दछ । भैरहवा पोखरा, भरतपुर पोखरा, पोखरा नेपालगन्जका सबै जसो उडानहरु हिजो र आज पूर्ण रुपमा प्रभावित भएका हुन् ।

आइतबार मात्र बुद्ध एयरको २१ वटा हवाई उडान हुनु पर्नेमा ४ वटा, यति एयरलायन्सको १० मध्य ३ वटा मात्र हवाई उडान भएको र श्री एयरलायन्सको भने ३ मध्य एउटा मात्र हवाई उडान भएको छ । आइतबार ३४ वटा हवाई उडानहरु मध्य २६ वटा हवाई उडान प्रभावित भएको कम्पनीले दाबी गरेका छन् । आइतबार पोखराको आकाशको ५ हजार भिजिविलिटि पुगेको बुद्ध एयर कम्पनी पोखरा कार्यालयका स्टेशन म्यानेजर गौतम बराललले बताउनु भयो । उहाँका अनुसार शनिबार बुद्ध एयरका २१ वटा हवाई उडान रद्ध भएकोले आइतबार बिहानै देखि हवाई उडान हुन

बाँकी अन्तिम पृष्ठमा ▶▶

## गण्डकी र मधेश प्रदेशका सभामुखद्धारा महेन्द्र गुफा अवलोकन

**पोखरापत्र संवाददाता**
पोखरा, १६ बैशाख




पोखरा भ्रमणमा रहनुभएका मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलले प्रसिद्ध महेन्द्र गुफाको अवलोकन गर्नुभएको छ ।

गण्डकी प्रदेश सभाको निमन्त्रणामा यस क्षेत्रको भ्रमणमा रहनुभएका सभामुख मण्डल सहितको टोलिले आईतवार गुफा भ्रमण गरेको हो । गुफाको अवलोकन गर्दै सभामुख मण्डलले पोखरा सुन्दरताको खानी भएको वताउँदै, प्राकृतिक गुफालाई यसको प्राचिनता नमेटिने गरी संरक्षण गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले गुफाको आर्कषणले आफुलाई लोभ्याएको प्रसंग निकाल्दै, प्रकृतिको सौन्दर्यतालाई मानव जातिले आत्मवोध गर्नुपर्ने वताउनुभयो । गण्डकी प्रदेश सभाका सभामुख कृष्ण धितालले गुफा परिसरमा निर्माणाधिन संरचनाले यसको थप आर्कषण बढ्ने विश्वास व्यक्त गर्नुभयो । उपसभामुख विना कुमारी थापाले गुफा अवलोकन गर्न पाएकोमा आफु निकै खुशी भएको स्मरण गर्दै, महेन्द्र गुफा विविधतायुक्त रहेको वताउनुभयो । टोलिले महेन्द्र गुफा सौन्दर्यकरणका विषयमा चासो राखेको थियो । टोलिलाई महेन्द्र गुफा र निर्माणधिन परियोजनाका विषयमा महेन्द्र गुफा चमेरे गुफा पर्यटकीय विकास समितिका सदस्य सचिव शिशिर पौडेलले जानकारी गराउनुभयो ।सदस्य सचिव पौडेलले महेन्द्र गुफा र चमेरे गुफाको थप विकास तथा सौन्दर्यकरणका लागि गण्डकी प्रदेश सभाका सभामुख धिताल र उपसभामुख थापासँग पनि आग्रह गर्नुभयो । यसअघि गण्डकी प्रदेश सभाका सभामुख धिताल, मधेश प्रदेशका सभामुख मण्डल सहितको टोलिलाई समितिका सदस्य सचिव पौडेलले स्वागत गर्नुभएको थियो ।

## पोखराको पर्वतीय संग्रहालयमा १०५ देशका पर्यटक घुमे

**पोखरापत्र संवाददाता**
पोखरा, १६ बैशाख

पोखरामा रहेको अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालयमा १०५ देशका पर्यटक घुमेका छन् । गत कात्तिक दोस्रो सातादेखि हालसम्म सार्कबाहेक ९८ देशका पर्यटकले भ्रमण गरेको तथ्यांक छ । ६ महिनाअघि देखि नै पर्यटकको देश अनुसार तथ्यांक राख्न थालिएको हो ।

यस्तै, चालु आर्थिक वर्षको अहिलेसम्म १ लाख ४५ हजार ३ सय ३४ जनाले संग्रहालयको अवलोकन गरेका छन् । गत वर्ष १ लाख ९८ हजार ८ सय २५ जनाले संग्रहालयको अवलोकन गरेका थिए ।

नेपाली पर्यटक, विद्यार्थी र भिआइपी गरेर १ लाख ९ हजार ९ सय १५ जना संग्रहालय घुम्न गएका छन् । सार्क राष्ट्रका १६ हजार ३ सय १० जना र विदेशी

बाँकी अन्तिम पृष्ठमा ▶▶

### गण्डकी प्रदेश सरकार
### आर्थिक मामिला मन्त्रालय
### गण्डकी प्रदेश, नेपाल

## राजस्व परामर्श समितिको सूचना

आगामी आर्थिक वर्ष २०८१/०८२ को आर्थिक ऐन तर्जुमाका सन्दर्भमा घरजग्गा लगायतका रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क, दस्तुर र दण्ड जरिवाना लगायतका राजस्व सङ्कलन र उपयोग सम्बन्धी नीतिगत व्यवस्था तथा कानून तर्जुमा र गैरकर तथा राजस्व चुहावट नियन्त्रणका साथै समग्र राजस्व प्रशासनको सुधारका सम्बन्धमा आफ्ना सुझावहरु मिति २०८१ वैशाख मसान्तसम्म उपलब्ध गराइदिनु हुन् सम्बन्धित संघ, संस्था, विज्ञ, राजनैतिक दल, व्यवसायी, समाजसेवी, पेशाकर्मी, सरकारी निकाय, बुद्धिजिवीहरु एवम् सरोकार राख्ने महिला, बालबालिका, पिछडिएको क्षेत्र सीमान्तकृत लगायतका सबैमा राजस्व परामर्श समिति हार्दिक अनुरोध गर्दछ ।

सुझावहरु देहायका ठेगानामा पठाउन सकिनेछ ।
राजस्व परामर्श समिति
गण्डकी प्रदेश सरकार आर्थिक मामिला मन्त्रालय, पोखरा ।
इमेल ठेगानाः- mof@gandaki.gov.np

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# हेमजा साहित्य प्रतिष्ठानमा विविध कार्यक्रम गरी चूडामणि खनालको स्मरण

**पोखरापत्र संवाददाता**
पोखरा, १६ बैशाख




हेमजा साहित्य प्रतिष्ठान नेपालले विविध कार्यक्रम गरी प्राध्यापक चूडामणि खनालको स्मृति सभा सम्पन्न गरेको छ।

२००९ वैशाख १५ गते खगराज र पशुपतिनाथ खनालका सुपुत्र मानहूँ, तनहुँमा जन्मेका चूडामणि खनालको ७१ वर्षको उमेरमा २०८० वैशाख ३१ गते निधन भएको थियो । प्रतिष्ठानले खनालको जन्मजयन्ती सन्दर्भमा स्मृति सभासहित माध्यमिक तहका विद्यार्थी केन्द्रित नेतृत्व विकास कार्यशाला आयोजना गरेको हो ।

कार्यक्रममा अम्बिका माध्यमिक विद्यालयका सहायक प्रधानाध्यापक उपेन्द्र अधिकारीले एउटा गुरुको स्मरणमा विद्यार्थी भाइबहिनीलाई चेतना छर्दै नेतृत्व विकास कार्यशाला आयोजना गरेकोमा प्रतिष्ठानलाई आभार व्यक्त गरे । खनालको व्यक्तित्व चर्चा गर्दै गण्डकी प्रज्ञा-प्रतिष्ठानका परिषद् सदस्य कृष्णप्रसाद पौडेलले पृथ्वीनारायण क्याम्पसमा प्राध्यापन गरेर सेवा निवृत्त खनाल २०२४ सालदेखि साहित्य लेखनमा लागेको पौडेलले जानकारी गराए । 'वसन्तविरोध' शीर्षकको रचनाबाट नेपाली साहित्यमा प्रवेश गरेका खनालका 'अन्तर्राष्ट्रिय पुड्के सम्मेलन' 'प्रमुख अतिथि', 'पोखराज' 'खिनौरी सहर पसेपछि' लगायतका झण्डै आधादर्जन साहित्यिक कृति र दुई सय फुटकर निबन्ध प्रकाशित भएको जानकारी गराउँदै पौडेलले खनाललाई बहुआयामिक व्यक्तित्वका रूपमा चिनाए । कार्यक्रममा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज गण्डकीका संस्थापक महासचिव असफल गौतमले नेपाली वाङ्मयको श्रीवृद्धिमा लाग्छौं भन्नेहरू नै कुण्ठापूर्ण जीवन बाँच्न रुचाउँदा अग्रजको योगदान ओझेलमा परेकोमा चिन्ता व्यक्त गरे । राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठानका परशुराम अधिकारीले अग्रजले देखाएको बाटो पछ्याउँदै प्रतिष्ठान अगाडि बढ्ने क्रममा रजत वर्षलाई साच्चै पृथक बनाउन कार्यसमिति क्रियाशील रहेको बताए । कार्यक्रममा सिर्जना साहित्य सदनका संरक्षक भानुभक्त अविरल, संस्कृत युवा मञ्च नेपालका सचिव दिवाकर पौडेल, लघुकथा प्रतिष्ठानका सदस्य विष्णु बास्तोला, लोकदोहोरी गायक सुरेशरमण अधिकारीलगायतले बोलेका थिए । सोही सन्दर्भमा प्रतिष्ठानले रजत जयन्ती १९ औं विशेष कार्यक्रम माध्यमिक तहका विद्यार्थी केन्द्रित नेतृत्व विकास कार्यशालासमेत सम्पन्न गरेको छ । कार्यशालामा ३३ जना विद्यार्थीको सहभागिता रहेको थियो । प्रतिष्ठानका अध्यक्ष बलराम पौडेलले नेपाली हास्यव्यङ्ग्य साहित्यमा चूडामणि खनालको योगदानको उचित कदर हुन आवश्यक रहेको धारणा राखे । उनले, प्रतिष्ठान अग्रज स्रष्टाको स्मरण गर्दै नवपुस्तासँग हातेमालो गरेर अगाडि बढ्ने क्रममा विभिन्न संघसंस्था र विद्यालयले सहकार्य गरी अगाडि बढ्न हौसला दिएकामा आभारसमेत व्यक्त गरे ।

## नेपालमा ...

गरिरहेको बताए । उनले नेपालको आर्थिक विकासका लागि युएसएडले पर्यटन, सूचना प्रविधि, कृषि र क्लिन इनर्जीका क्षेत्रमा युएसएडले काम गरिरहेको बताए । उनले नेपालको पर्यटन क्षेत्रमा ठूलो सम्भावना रहेको समेत उल्लेख गरे ।

"नेपालको पर्यटन क्षेत्र यतिबेला नयाँ ढङ्गले अगाडि बढिरहेको छ, पर्यटन क्षेत्रमा ठूलो सम्भावन छ । पर्यटनमा लगानी गरी आर्थिक विकास गर्न सकिन्छ", उनले भने । अमेरिकी राष्ट्रिय सुरक्षा परिषद्का दक्षिण एसिया क्षेत्रीय मामिलाका निर्देशक सेमास विसेलले आर्थिक समृद्धि भयो भने राष्ट्रिय सुरक्षा बलियो हुनेमा जोड दिए । नेपाली व्यवसायी सुजीव शाक्यले नेपाल यतिबेला जनसाङ्ख्यकीय लाभ लिने अवस्थामा रहेको भन्दै यसको उपयोग गर्नुपर्नेमा जोड दिए । "चीन र भारतजस्ता ठूलो अर्थतन्त्र भएका मुलुकका बीचमा नेपाल छ, यद्यपि नेपालसँग अहिले युवा जनशक्तिको सङ्ख्या ठूलो भएकाले सम्भावना पनि उत्तिकै छ", उनले भने, "अहिले एक करोड लगानी आउँदा पनि समाचार बन्ने अवस्था रहेकामा आगामी दिनमा ठूलो लगानी ल्याउने गरी काम गर्नेतर्फ अगाडि बढ्नुपर्ने आवश्यकता छ।" कार्यक्रममा अमेरिकी लगानीमा नेपालमा सञ्चालित व्यवसायका प्रतिनिधिले नेपालमा काम गर्दाका अवसर र चुनौतीबारे आफ्ना अनुभव राखेका थिए । त्यस अवसरमा अमेरिकी चेम्बर अफ कमर्श इन नेपाल (एमच्याम) र अमेरिकी वाणिज्य मन्त्रालयको अन्तर्राष्ट्रिय व्यापार प्रशासनबीच अमेरिकी व्यापार र लगानी रणनीतिक सहकार्यसम्बन्धी समझदारीपत्रमा हस्ताक्षरसमेत भएको थियो । जसमा एमच्यामका तर्फबाट अध्यक्ष निर्मलकाजी श्रेष्ठ र अन्तर्राष्ट्रिय व्यापार प्रशासनका तर्फबाट उद्योग र विश्लेषणसम्बन्धी प्रमुख उपसहायकमन्त्री हेदर हेमले हस्ताक्षर गरे ।

# एडस रोग नियन्त्रण संघमा विविध कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, १६ बैशाख



एडस रोग नियन्त्रण संघ कास्कीमा चलचित्र प्रदर्शन, सहयोग हस्तान्तरण तथा श्रद्धाञ्जली सभा सम्पन्न भएको छ।

संघले साहित्यकार प्रकट पगेनी शिवको निधनप्रति श्रद्धाञ्जली सभासहित विविध कार्यक्रम आयोजना गरेको हो ।

संघले संघद्वारा जनचेतना अभिवृद्धिका लागि निर्माण गरिएको प्रतिबद्धता फिल्मका नायक प्रकट पगेनी शिवको स्मरण गर्दै श्रद्धाञ्जली सभा सम्पन्न गरेको हो ।

यसैगरी, संघले कास्कीको माछापुच्छ्रे-२, भुर्जुङखोलामा अवस्थित माछापुच्छ्रे मा.वि. भुर्जुङखोलामा पगेनी अभिनित चलचित्र प्रतिबद्धतासमेत प्रदर्शन गरेको छ। समारोहमा माछापुच्छ्रे मा.वि. विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्ष गमबहादुर गुरुङ र प्रधानाध्यापक सन्तोष आचार्यले समुदायमा जनचेतना जगाउन र सचेतना छर्न महत्वपूर्ण भूमिका खेलेको बताए।माछापुच्छ्रे-२कावडाध्यक्ष गणेश आचार्यलगायतले चलचित्र अवलोकन गर्नुका साथै समाजमा विद्यमान कुसंस्कार अझै राम्ररी निराकरण हुन नसकेको बताए ।

संघका अध्यक्ष विश्वमोहन गौचनले संघका गतिविधिलाई प्रभावकारी बनाउन साहित्यकार तथा कलाकार प्रकट पगेनी शिवको निधनले संघलाई अतुलनीय क्षति पुगेको बताए । सोही समारोहबीच संघले विद्यालयलाई दुई कार्टुन सेप्टी प्याडसमेत वितरण गरेको छ ।

# क्षत्री समाज नेपालको अध्यक्षमा रिव थापा, महासचिवमा कृष्ण थापा

**पोखरापत्र संवाददाता**
पोखरा, १६ बैशाख



क्षत्री समाज नेपाल केन्द्रीय समितिको चौंथो राष्ट्रिय महाधिवेशनले पोखराका रिवबहादुर थापाको अध्यक्षतामा नयाँ समिति चयन गरेको छ।

समितिको वरिष्ठ उपाध्यक्षमा लेखबहादुर कार्की, उपाध्यक्ष (महिला) अमृतदेवी वानिया प्रदेश अन्तर्गत उपाध्यक्षमा लालबहादुर अधिकारी, श्याम कार्की र राजेन्द्र अधिकारी चयन भए । यसैगरी समितिको महासचिवमा पोखराका कृष्णबहादुर थापा, कोषाध्यक्षमा पदमबहादुर कार्की र लेखा समितिको अध्यक्षमा शंकरबहादुर के.सी. र लेखा समिति सचिवमा पदमबहादुर के.सी निर्वाचित भए। पदाधिकारी सहित ४१ सदस्यीय केन्द्रीय समिति सर्वसम्मवत चयन भएको निर्वाचन समिति संयोजक चन्द्रबहादुर रोकाहाले जानकारी दिए । नवनिर्वाचित कार्यसमितिको पदस्थापन समेत भएको छ । समाजको उद्देश्य अनुसार कार्य गर्ने गरी समाजलाई अगाडी बढाउन नवनिर्वाचित कार्यसमिति सकृय रहने अध्यक्ष रिवबहादुर थापाले बताए। २०५३ सालमा स्थापना भएको क्षत्री समाजले सम्पूर्ण खस क्षत्रीहरुको साझा संस्थाको रुपमा राष्ट्रिय अखण्डता र जातिय सदभावका लागि देशभर विभिन्न कार्यक्रमहरु गर्दै आएको महासचिव कृष्णबहादुर थापाले बताए । कार्यक्रममा समाजका निर्वतमान अध्यक्ष प्रा.डा दिलबहादुर क्षेत्री, प्रा.डा चन्द्रबहादुर थापा, पूर्वमन्त्री एवं सल्लाहकार कुमार खडका, शोभियतबहादुर अधिकारी, प्रेमबहादुर जि.सी, अध्यक्षका प्रत्यासी पूर्व महासचिव केशबहादुर के.सी, लुम्बिनी प्रदेश अध्यक्ष पृथ्वी फौजदार, गण्डकी प्रदेश अध्यक्ष ईन्द्रमान खत्री, महिला समाज अध्यक्ष उर्मिला खड्का, तनहुँ जिल्ला अध्यक्ष शम्भु अधिकारी, युवा समाजका केन्द्रीय अध्यक्ष दीपम गोदार, भुपू समाजका अध्यक्ष मानबहादुर थापा लगायतले समाजको गरिमालाई देशव्यापी बढाउनुपर्नेमा जोड दिए। निर्वाचन समिति संयोजक चन्द्रबहादुर रोकाहाको अध्यक्षतामा भएको कार्यक्रममा निर्वाचन समिति सदस्य गणेशबहादुर अधिकारी, यामबहादुर खत्रीले निर्वाचनसम्वन्धी धारणा राखेका थिए । केन्द्रीय महाधिवेशनमा देशभरबाट ४६ जिल्लाका प्रतिनिधिको सहभागिता रहेको थियो ।

## आइतबार ...

नसके पनि अधिकांश पर्यटकहरु सडक मर्ग हुदै आफ्नो गन्तव्यमा लागेकोले न्यून यात्रुको बाबजुत पनि आइतबार ४ वटा हवाई उडान पोखरा काठमाण्डौं भएको छ । पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा जहाज अवतरण गर्न कम्तीमा ३५ सय देखि ३८ सय मिटरको भिजिविलिटी आवश्यक पर्छ भने शनिबार र आइतबार विहानसम्म पोखराको भिजिविलिटी २ हजार मिटर भन्दा कम रहेको स्टेशन म्यानेजर गौतमले बताउनु भयो । विहिबार बेलुका २ वटा हवाई उडान काठमाण्डौंबाट पोखरा गरेको बुद्ध एयरले शुक्रबार बिहान काठमाण्डौं पोखरा २ उडान गरेको थियो । त्यसै गरी यति एयरलायन्सको पनि आइतबारको हवाई उडानमा केही प्रभाप परेको यति एयरलायन्सका राम लामिछानेले बताउनु भयो । उहाँका अनुशार शनिबार ११ वटा उडान रद्ध भएको थियो भने आइतबार १० मध्य ३ वटा मात्र हवाई उडान भएको छ । सोमबारबाट नियमित रुपमा उडान हुने उहाँले जनाउनु भयो । श्री एयरलायन्सका अनिल मानन्धरले प्रतिकुल मौसमका कारण धेरै यात्रु एवं पर्यटकहरु सडक मार्ग हुदै आफ्नो गन्तव्यमा लाग्दा दिउसोबाट हवाई उडानको लागि जिभिविलिटि पुगे पनि यात्रु एवं पर्यटकहरुको सङ्ख्या कम भएको जनाउनु भयो । उहाँले सोमबारबाट भने यात्रु एवं पर्यटकहरुको सङ्ख्यामा बृद्धि हुने विश्वास व्यक्त गर्नु भयो। पोखरा र काठमाडौं उपत्यकाको आकाशमा केही दिन देखि बाक्लो तुवाँलो लागि रहेको छ । धेरै ठाउँमा आगलागी हुनुले आकाशमा धुलोको कर्णहरु फैलिएको छ । यसको लागि आकाशबाट पानी पर्नुपर्ने वा हावा चल्नु पर्ने मौसमविदहरुले बताउदै आउनु भएको छ। चैत वैशाखमा विभिन्न खेत वारीमा तथा पाखामा आगो बढेलो लगाउने गर्दा सावधानि अपनाउन नसक्दा वन जंगलमा समेत ठुलो क्षती हुने गरेको छ।

## पोखराको ...

१९ हजार २८ जनाले संग्राहलय घुमेका लेखापाल भावना शर्माले बताइन् । संग्राहलयमा खासगरी जापानी पर्यटकको आकर्षण छ । जापानी १ हजार ७ सय ६४ जनाले अवलोकन गरेका हुन् । यही अवधिमा ८१ जनाले संग्रहालयमा फोटोसुटका लागि अनुमति लिएका छन् । चालु वर्षको हालसम्म टिकट विक्रीबाट २ करोड १७ लाख २८ हजार रुपैयाँ संग्रहालयले आम्दानी गरेको छ। संग्रहालय अवलोकनमा आउने विदेशीसँग ५ सय, सार्क राष्ट्रका नागरिकलाई २ सय ५० रुपैयाँ, नेपालीलाई १०० रुपैयाँ, नेपाली विद्यार्थीका लागि ५० रुपैयाँ शुल्क तोकिएको छ।


## सर्पले टोकेको अवस्थामा ध्यान दिनुपर्ने कुराहरू


- सर्पले टोकेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं।
- सर्पले टोकेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- गलत परम्परागत उपचार विधि (झारफूक) तिर नलागौं,

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

# कपालको उपचार

## कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

# प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाइसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।**

लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

# के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्बन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु ।
- जर्ज बार्वर

## सम्पादकीय

# लगानी सम्मेलन

लामो समयदेखि प्रतीक्षा गरिएको तेस्रो लगानी सम्मेलन आइतबारदेखि काठमाडौंमा सुरु भएको छ । नेपालमा रहेको लगानीको सम्भावना र अवसरको जानकारी दिँदै स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्ने उद्देश्यले सरकारले दुईदिने सम्मेलन आयोजना गरेको छ । सम्मेलनमा विदेशबाट ५५ मुलुकका आठ सय र नेपालका एक हजार गरी एक हजार आठ सय प्रतिनिधि सहभागी छन् । सरकारी र निजी क्षेत्रका समेत गरी एक सय ५४ परियोजना सम्मेलनको सोकेसमा राखिएका छन् ।'सम्मेलनको पहिलो दिन नेपालमा भएको सोकेस परियोजनासहित लगानीको सम्भावना र अवसर प्रस्तुत गर्दै लगानीका लागि आह्वान गरिएको छानेपालका प्रतिबद्धता सुनाउँदै लगानीकर्ता र साझेदारका कुरा पनि सुनाउने काम भएको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सोल्टी होटेलमा सम्मेलनको उद्घाटन गरेका थिए । उद्घाटन सत्रलाई सरकारका तर्फबाट प्रधानमन्त्री प्रचण्ड, अर्थमन्त्री वर्षमान पुन र लगानी बोर्ड नेपालका प्रमुख कार्यकारी अधिकृत सुशील भट्टले सम्बोधन गरे । त्यस्तै, प्रमुख प्रतिपक्षी दल कांग्रेसका सभापति शेरबहादुर देउवाले पनि सम्बोधन गरेर नेपालमा सत्तारूढ र विपक्षी संगै छन भन्ने सन्देश दिए ।

सम्मेलनमा चिनियाँ अन्तर्राष्ट्रिय विकास सहयता नियोग (सिआइडिसिए)का अध्यक्ष लुवो चाओहुई, भारतको उद्योग तथा वाणिज्यमन्त्री पियुष गोयल, बेलायती राज्यमन्त्रीद्वय आन मेरी ट्रिभेलियन र एन्ड्र्यु मिचेल र अमेरिकी सहायक विदेशमन्त्री डोलान्ड लु छन् । त्यस्तै, संयुक्त राष्ट्रसंघको व्यापार तथा विकास सम्मेलन महानिर्देशक म्याडम रेबेक ग्रिनस्पान, बेलायतको फरेन, कमनवेल्थ एन्ड डेभलपमेन्ट अफिसका क्षेत्रीय निर्देशक बेन मेलर, विश्व बैंक ग्रुपका उपाध्यक्ष मार्टिन रेजर, एसियाली विकास बैंकका उपाध्यक्ष यिङमिङ याङ र एसियाली पूर्वाधार लगानी बैंकका कार्यवाहक उपाध्यक्ष राजत मिश्र विदेशी प्रमुख वक्ता छन् । नेपालका लागि भारतीय राजदूत नवीन श्रीवस्ताव, नेपालका लागि चिनियाँ राजदूत चेन सङ, नेपालका लागि अमेरिकी राजदूत डिनआर थम्सन, सार्क चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्रिजका अध्यक्ष जस्मिन उद्दिन, अमेरिकी चेम्बर अफ कमर्सका वरिष्ठ उपाध्यक्ष अतुल केसप, भारतीय उद्योग परिसंघका प्रमुख प्रतिनिधि सुप्रतिम दत्त र सतलज जलविद्युत् निगम (एसजेभिएन)का अध्यक्ष सुशील शर्माले पनि प्रमुख वक्ताकै रूपमा सम्बोधन गर्ने छन् । त्यस्तै, नेपालका निजी क्षेत्रका तर्फबाट नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल, नेपाल उद्योग परिसंघका अध्यक्ष राजेशकुमार अग्रवाल र नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवालले लगानीकर्तालाई ढुक्कसँग लगानी गर्न आग्रह गरेका छन ।

दुई दिनसम्म चल्ने सम्मेलनमा नेपालमा लगानीसँग सम्बन्धित विभिन्न विषयमा १० छुट्टाछुट्टै सत्रमा छलफल हुँदै छ । यी सत्रमा ५० भन्दा बढी वक्ताको सहभागिता रहनेछ । दुईदिने सम्मेलनमा विभिन्न कन्क्लेभ, बी टु बी र जी टु जी मिटिङ, नीतिगत छलफल, परियोजना सोकेसिङ, लगानीसम्बन्धी समझदारी र सम्झौता तथा नेटवर्किङ मिटिङ हुने सिइओ भट्टले बताए । नेपाललाई लगानी गन्तव्यका रूपमा विश्व समुदायलाई विश्वस्त पार्ने प्रयास भएको छ । लगानी बोर्डका अनुसार नेपालबाहेक चीनबाट सबैभन्दा धेरै लगानीकर्ता सहभागी छन् । चीनका २६५, भारतका १४३ र अमेरिकाका ३३ जना लगानीकर्ता, व्यावसायिक तथा सरोकारवालाले निम्तो स्वीकार गरेका छन् । त्यस्तै, जापानका २८, युकेका १४, बंगलादेश र युएईका १३-१३ र जर्मनीका १० जनाले सहभागिताको प्रतिबद्धता जनाएका छन् । दक्षिण एसिया र अस्ट्रेलियाबाट ९-९, पाकिस्तानबाट ८, सिंगापुरबाट ६, कतार र घानाबाट ५-५, साउदी अरब, फ्रान्स र बहराइनबाट ४-४ तथा स्विट्जरल्यान्ड, फिनल्यान्ड, अस्ट्रिया, रसिया र कोलम्बियाबाट ३-३ जना लगानीकर्ता, व्यावसायिक तथा सरोकारवालाले निम्तो स्वीकार गरेका छन् । यीबाहेक, क्यानडा, कुवेत, पोल्यान्ड, मेक्सिको, दक्षिण अफ्रिका, बेल्जियमलगायत देशका लगानीकर्ताले पनि लगानी सम्मेलनको निम्तो स्वीकार गरिसकेका छन् । विश्व बैंक, एडिबीलगायत बहुपक्षीय विकास साझेदारका प्रतिनिधि पनि सम्मेलनमा सहभागी छन् । सम्मेलनमा विदेशी प्रतिनिधिको सहभागीता उत्साहप्रद बनाएको छाप्रधानमन्त्री पुष्प कमल दाहाललाई हौस्याएको छ ।

सरकारले सम्मेलनमा निजीसमेतको गरी एक सय ५४ परियोजना सोकेसमा राखेको छ । यसमा निजी क्षेत्रका ३१ परियोजना छन् । जसमध्ये २० वटामा लगानीको आशय मागिनेछ । अवधारणापत्र तयार भएका ३० परियोजना सोकेसमा छन् । त्यस्तै, ९ परियोजना पृष्ठपोषणका लागि सोकेस गरिनेछ । सरकार-निजी क्षेत्र (जी टु पी)का लागि १४ परियोजना राखिएका छन् । वित्तीय सहायताका आगि १८ परियोजना राखिएका छन् । अवधारणापत्र बन्दै गरेका ३२ आयोजना पनि सोकेसमा राखिएका छन् । सम्मेलनकै अवसरमा सोकेसमा राखिने केही परियोजनामा लगानीका लागि समझदारी गर्ने तयारी भइरहेको बोर्डले जनाएको छ । यद्यपी, ती परियोजना सार्वजनिक गरिएको छैन । उद्घाटन समारोहमा विदेशी र पाहुनाले बस्ने ठाउँ नपाउदा कस्तो सन्देश जान्छ भन्ने ख्याल नगर्ने फितलो व्यवस्थापन देखिएको छ । प्रचार गरे जस्तै व्यवस्थापन नदेखिनु कमजोरी हो । उद्घाटनमा देखिएका कमजोरी हटाएर लगानीको वातावरण बनाउनु सम्मेलनको सफलता मानिनेछ ।

# सेती नदी कटानले चिन्तित छन् स्थानीय

**पोखरापत्र संवाददाता**
तनहुँ, १६ बैशाख

"नदी बढ्दा मात्रै बस्ती स्थानान्तरणको कुरा आउँछ, नदी सुकेपछि उक्त कुरा हराउँछ", तनहुँको शुक्लागण्डकी नगरपालिका-४ पुल्चोकका सेती नदी कटानबाट पीडित कमला मियाँले भने, "यस्तो सुनेको कैयौं वर्ष भयो, आश्वासन कहिल्यै पूरा भएनन् ।"

वर्षाका बेला सेती नदी बढेपछि नगरप्रमुख, वडाध्यक्ष, जिल्लाबाट पनि थुप्रै व्यक्ति आएर आश्वासन मात्रै दिने गरेको उनको गुनासो छ । नदी बढेका बेला रातभर सुत्न नसकिने जनाउँदै उनले भने, "जब वर्षा सुरु हुन्छ, त्यसपछि हामी निदाउन सक्दैनौं, रातभर जाग्राम बस्नुपर्ने बाध्यता हुन्छ।" ठाउँ छाडेर अन्यत्र जानका लागि केही जायजेथा नरहेको बताउँदै उनले भने, "भएको यहीँ हो, अन्त केही छैन कहाँ जानु ?" सोही ठाउँ निवासी निर्मला सुवेदीले वर्षाका बेला तीन/चार रात पिँढीमै सुत्नुपर्ने बाध्यता रहेको गुनासो गरे ।

घरभित्र सुत्दा कतिबेला के हुने हो थाहा नहुने भएकाले छोराछोरी लिएर बाहिरै सुत्नुपर्ने उनको गुनासो छ। उनले भने, "नदी कटानले बस्ती जोखिममा छ, गत वर्ष पनि जिम्मेवार व्यक्ति आएर सहयोगको आश्वासन दिएर जानुभयो, बस्ती स्थानान्तरणको कुरा पनि चलेको हो, तर आश्वासनमै बित्यो ।"

सुरक्षित ठाउँमा बस्ती सारिदिए ढुक्क हुने भन्दै उहाँले आश्वासन पूरा गरिदिन स्थानीय सरकार तथा सरोकारवाला निकायलाई आग्रह गरे । उनले भने, "आशैआशमा राखिदिन भएन, अब वर्षा सुरु हुने बेला भयो, वर्षा हुनेबित्तिकै रात कसरी कटाउने भन्ने चिन्ता थपिन्छ ।" वर्षौंदेखि सेती नदी कटानबाट पीडित बनेका यस ठाउँका १० घरलाई स्थानान्तणका लागि सम्बन्धित निकायको ध्यानाकर्षण गराए पनि सुनुवाइ नभएको सुशासन र समृद्ध शुक्लागण्डकीका लागि युवा अभियानका अध्यक्ष शङ्कर पन्तले बताए ।

पन्तले लामो समय बितिसक्दा पनि उनीहरुको व्यवस्थापन हुन नसकेकामा ध्यानाकर्षण गराउँदै बाढी आउनुपूर्व नै उनीहरुको सुरक्षा गर्न माग गर्नुभएको छ । उनले भने, "पुल्चोक विगत केही वर्षदेखि भाँसिएको र डरलाग्दो अवस्थामा छ, फेरि वर्षात् सुरु हुने भएकाले यसतर्फ सरकारको ध्यान गएको छैन, नदीको छेउछाउ बसोबास गर्दै आइरहेका मजदुर र गरिब सर्वसाधारणलाई स्थानान्तरणका लागि नगरपालिकाको ध्यानाकर्षण गराएका छौं ।" अन्यत्र जग्गा जमिन नभएकालाई तत्काल बासस्थान मिलाइदिन र जनता बाँच्न पाउने अधिकार पालना गर्न नगरप्रमुख भेटेरै आग्रह गरिएको पन्तले बताए। उनले भने, "सयौं रोपनी जग्गा तिब्बतीयन शरणार्थीलाई दिन मिल्ने, सयौं रोपनी जग्गा सेनालाई दिन मिल्ने, सयौं रोपनी जग्गामा धार्मिक मठमन्दिर बनाउन मिल्ने तर भूमिहिन गरिबलाई चार आना दिन नमिल्ने हो र ?" विपद् व्यवस्थापन समितिले सो क्षेत्रमा बस्न अयोग्य रहेको निष्कर्ष निकालेका जनाउँदै शुक्लागण्डकी नगरपालिकाका प्रमुख कृष्णराज पण्डितले स्थानीय तहलाई भएको कानुनी प्रावधानअनुसार अघि बढ्ने बताए ।

बर्सेनि आउने बाढीका कारण यहाँका घर जोखिममा छन् । बर्सेनि सेती नदीको कटानले जोखिममा परेका यहाँका बस्तीमा जमिन भाँसिएपछि झनै खतरा बढेको छ । बस्ती नजिकैबाट सेती नदी बग्छ । सेती नदीले बर्सेनि यस ठाउँको भूभाग कटान गरिरहेको छ । यसअघि पनि केही वर्ष सेती नदीमा आएको बाढीले त्यहाँका बस्ती जोखिममा परेपछि सुरक्षित ठाउँमा स्थानान्तरण गरिएको छ । यहाँका केहीले यस ठाउँ छाडिसके पनि केही व्यक्ति भने अझै यही आश्रित छन् ।

# 'पोखरा स्पोर्टस अवार्ड'लाई टाइगर ग्रुपको साथ

**पोखरापत्र संवाददाता**
पोखरा, १६ बैशाख



यहि वैशाख २८ गते हुने आठौं संस्करणको पोखरा स्पोर्टस अवार्डलाई टाइगर ग्रुप अफ पोखराले सघाउने भएको छ ।

टाइगर ग्रुपबाट वर्ष उत्कृष्ट खेल संघसंस्था वा क्लवतर्फको पुरस्कार स्वरूप ५० हजार सहयोग गर्ने गरी आइतबार समझदारी भएको नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले जनाएको छ । आइतबार पोखरामा टाइगर ग्रुपका अध्यक्ष नारायणप्रसाद शर्मा र मञ्चका अध्यक्ष दीननाथ बरालविच उक्त समझदारी पत्रमा हस्ताक्षर भएको हो । सो अवसरमा बोल्दै ग्रुपका अध्यक्ष नारायण प्रसाद शर्माले प्रदेशकै गौरव गर्ने कार्यक्रम मध्ये एक रहेको पोखरा स्पोर्टस अवार्डलाई सघाउन पाउँदा आफूलाई गौरव महशुस भएको बताए । उनले भने,'यो कार्यक्रम हामी खेलकुद क्षेत्रको विकासका लागि महत्वपूर्ण छ हामी सामाजिक अभियानमा काम गर्ने संस्था लगायत हरेक क्षेत्रले यसको सफलता मात्रै नभई प्रदेशको गौरव बढाउन समेत सहयोग गर्नुपर्छ ।' पोखरा महानगरका वरिष्ठ कानुन अधिकृत समेत रहेका शर्माले भने । उनले अवार्डका लागि सानो सहयोग प्रदान गरी साथ दिन पाउँदा आफू सहित सम्पूर्ण कार्यसमिति नै हर्षित भएको जनाए । ग्रुपले विगतदेखि पुरस्कार प्रायोजन गर्दै आएको बताउँदै मञ्चका अध्यक्ष बरालले सहयोगप्रति धन्यवाद व्यक्त गरे । टाइगर ग्रुपले पोखरामा हरेक वर्ष आमन्त्रण महिला तथा पुरुष क्लव स्तरिय टाइगर कप राष्ट्रिय भलिबल प्रतियोगिता आयोजना गर्दै आएको ग्रुपले विगत वर्षदेखि अवार्डलाई सहयोग गर्दै आइरहेको छ । अवार्ड कार्यक्रममा लाइफटाइम अचिभमेन्ट अवार्ड, वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, वर्ष उदीयमान खेलाडी, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उत्कृष्ट खेलकुद संघसंस्था वा क्लब र वर्ष उत्कृष्ट खेल पत्रकारलाई अवार्ड प्रदान गरिने प्रचार प्रसार उपसमितिका संयोजक समेत रहेका महासचिव पौडेलले बताए । बैशाख २८ गते शुक्रबार पोखरा सभागृह हलमा आयोजना हुने अवार्ड कार्यक्रममा गण्डकी प्रदेश सरकारको विशेष सहयोग रहनेछ भने पोखरा महानगरपालिका र राष्ट्रिय खेलकुद परिषदले सघाउनेछन् । प्रबर्द्धकमा नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालय, अफिसियल रिसोर्टको रुपमा पोखरा लेकसाइडमा रहेको मझेरी रिर्सोट एण्ड स्पा रहेको छ । यसका अलावा टेल्जी ब्राण्डको इलेक्ट्रिक स्कुटरको आधिकारिक विक्रेता योमामा ई मोर्टस् प्रा.लि., सहारा क्लब पोखरा, साहस स्पोर्ट्स, गण्डकी प्रज्ञा-प्रतिष्ठान, केसी ग्रुप, मादी गाउँपालिका, रुपा गाउँपालिका, मुस्ताङ गल्फकोर्ष, थ्रीसिक्स इञ्जिनियर रेजिमेट एण्ड क्यूजिईका संयोजक क्याप्टेन कृष्ण पुन, गुरुङ हर्वल व्युटी पार्लरलगायत रहेका छन् । थप सहयोगी व्यक्ति तथा संस्था जोडिने क्रम जारी रहेको मञ्चले जनाएको छ । अवार्ड कार्यक्रमलाई भव्य बनाउन विभिन्न समिति तथा उपसमिति मार्फत कामलाई तिव्रता दिएको छ । मञ्चले २०७२ सालदेखि पोखरामा निरन्तर स्पोर्ट्स अवार्ड कार्यक्रम गर्दै आएको छ ।

# धेरै फोहर सङ्कलन गर्नेलाई नगद पुरस्कार

**पोखरापत्र संवाददाता**
दमौली, १५ बैशाख

व्यास नगरपालिकास्थित बुल्दीखोला र भानु नगरपालिका तथा बन्दीपुर गाउँपालिकाको सिमानास्थित चुँदीखोलामा बृहत सरसफाइ अभियानअन्तर्गत धेरै फोहर सङ्कलन गर्नेलाई नगद पुरस्कारको प्रदान गरिने भएको छ ।

व्यास नगरपालिका-४ दमौलीका अभियान्ता सुदीप गफ्फारको सक्रियतामा बुल्दी-चुँदीखोलामा बृहत् सरसफाई अभियान गर्न लागिएको हो । उहाँका अनुसार धेरै फोहर सङ्कलन गरी प्रहिलो हुनेलाई रु १० हजार र दोस्रो हुनेलाई रु पाँच हजार पुरस्कार प्रदान गरिनेछ । बुल्दी र चुँदीखोला दिनप्रतिदिन प्रदूषित बन्दै गएकाले खोला स्वच्छ र सफा राख्ने उद्देश्यले वृहत् सरसफाइ अभियान सञ्चालन गर्न लागिएको गफ्फारले बताउनुभयो । उहाँले भन्नुभयो, "भावी पुस्ताका लागि दुवै खोला संरक्षण गर्नुपर्ने अवस्था आएको छ । दुवै खोलाको अवस्था देखेर सरसफाइ अभियान सञ्चालन गर्ने जमर्को गरेको छु ।" बुल्दीखोलामा वैशाख २९ गते र चुँदीखोलामा आगामी जेठ ५ गते सरसफाइ अभियान सञ्चालन गरिने उहाँले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "यसलाई बचाउन सकिए भने भविष्यमा बुल्दीखोला र चुँदीखोलाको अस्तित्व सङ्कटमा पर्नेछ ।" अभियानका लागि हरेक टोल र क्लबसँग समन्वय गरिएको बताउँदै उहाँले एउटा टोलीमा १५ जना सहभागी हुनसक्ने जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "सरसफाइ अभियानमा टोल, विद्यालय, क्याम्पस, युवा क्लबसँग सहकार्य गर्नेछु । सरसफाइ अभियानलाई मनोरञ्जनात्मक र प्रतिस्पर्धात्मक बनाउने प्रयास गरिएको छ ।" बुल्दी र चुँदीखोला सरसफाइ अभियानलाई निरन्तरता दिने उहाँकोभनाइछ।प्रतियोगितात्मक रुपमा वर्षको एकपटक मात्रै अभियान सञ्चालन गरिने र त्यसपछिका हरेक महिनाको अन्तिम शनिबार नियमित रुपमा सरसफाइ अभियान हुने उहाँले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "जबसम्म बुल्दी र चुँदीखोला कञ्चन हुँदैन, तबसम्म सरसफाइ अभियान जारी रहनेछ ।" बुल्दीखोला धार्मिक महत्वसँग जोडिएको उल्लेख गर्दै उहाँले भन्नुभयो, "महर्षि वेदव्यासले बुल्दीखोलामा हात धोएको धार्मिक महत्व छ । त्यसकारण पनि यसको संरक्षण गर्नुपर्छ । यहाँका ढुङ्गाढुङ्गामा देवताको बास छ ।"


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : स्वास्थ्यमा सुधार |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : झमेला बड्ने | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : शुभ यात्रा | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


**नेपाल सरकार**
**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**भूमि व्यवस्थापन तथा अभिलेख विभाग**
**मालपोत कार्यालय, कास्की**

## मालपोत कार्यालय कास्की पोखराबाट प्रकाशित भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति २०८१/०१/१६

कास्की जिल्ला मौजे बाटुलेचौर ८/५ नं. का जि.मु. दुर्गा बहादुर क्षेत्री जिम्मा झुत्ताको १९९१ सालको पाखा लगत बमोजिमको मीठ नं. २२८ द्र. नं. ५ पृथु कुँवर क्षेत्रीको दर्ता विजन ।६ पाधी मध्ये भिडी विजमाना ।।७।६ को तिरी रु.। ८४ पैसा लागेको सर्भे नापीमा बाटुलेचौर-१ कि.नं. ७०२ क्षे.फ. १-८-३-२ डिल बहादुर, रण बहादुर, रुद्र बहादुर र नर बहादुर को नाउँमा फिल्डबुकमा कायम भएको फिल्डबुकमा कायम भएका चारै जनाको मृत्यु भएकोले मृतक डिल बहादुरको हकदार एकमात्र श्रीमती मधु कुँवरको नाउँमा, मृतक रण बहादुर कुँवरको दुई श्रीमती मध्ये कान्छी श्रीमती गौरी कुँवरको नाउँमा, मृतक रण बहादुर कुँवरको दुई श्रीमती मध्ये कान्छी श्रीमती तर्फका छोरा बुहारी सितादेवी कुँवर, छोराहरु मोहनजंग कुँवर, जिवन जंग कुँवरको नाउँमा, मृतक रुद बहादुर कुँवरको भाग हिस्सा दुई श्रीमती मध्ये कान्छी श्रीमती तर्फका छोरा बुहारी कमला भण्डारी र छोरा सरोज कुँवरका नाउँमा छुटजग्गा दर्ता नामसारी गरिपाउँ भनी कास्की जिल्ला साविक बाटुलेचौर वडा नं. १ हाल पोखरा -१६ बस्ने श्री मधु कुँबर, गौरी कुँबर, सितादेवी कुँवर, मोहनजंग कुँवर, जिवनजंग कुँवर, कमला भण्डारी कुँवर र सरोज कुँवरको संयुक्त माग निवेदन भएको हुँदा उक्त जग्गामा यसअघि कसैले कारबाही चलाएको भए वा निजको माग बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने वा दर्ता हुन नपर्ने कुनै कारण भए वा तपशिलमा उल्लेखित जग्गामा अरु कसैको हक लाग्ने भए वा सरकारी सार्वजनिक पर्न गए यो सूचना प्रकाशित भएको मितिले ३५(पैतिस) दिनभित्र सवुद प्रमाण सहित दावी उजुरी गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भै जानेछ । पछि कसैको उजुर बाजुर लाग्ने छैन ।

तपशिल

| जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | विरह | फिल्डबुकको नाम |
|---|---|---|---|---|---|---|
| कास्की | बाटुलेचौर | १ | ७०२ | १ - ८ - ३-२ | पाखो | डिल बहादुर, रण बहादुर, रुद्र बहादुर र नर बहादुर |

ईति संवत २०८१ साल बैशाख ०५ गते रोज ४ शुभम् ।

**श्री सैनिक आवासीय महाविद्यालय**
**फुलबारी, पोखरा**

## सम्पत्ति तथा जिन्सी मालसामानको लिलाम बिक्री सम्बन्धी बोलपत्र आव्हानको सूचना

**सूचना नं.: NAWF/SAMV/PKR/080/81/02**
**दोस्रो पटक प्रकाशित मिति :- २०८१/०१/१७ गते ।**

यस महाविद्यालयमा रहेका प्रयोगमा आउन नसक्ने भई लिलाम बिक्री गर्ने निर्णय भएको सम्पत्ति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छन् सोही अवस्थामा बोलपत्रको माध्यमद्धारा लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले ७ दिनभित्र बोलपत्र खरिद गरी ८ औं दिनको १२०० बजेसम्म यस महाविद्यालयमा दर्ता गराउनु हुन इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई आव्हान गरिन्छ । यस सम्बन्धमा विस्तृत व्यहोरा बोलपत्र फाराममा उल्लेख गरिएको छ । यस अतिरिक्त अन्य कुरा बुझ्नु परेमा वा सम्पत्ति तथा मालसामान हेर्न चाहेमा यस महाविद्यालयको जिन्सी शाखामा सम्पर्क राख्न अनुरोध छ ।

लिलाम बिक्री हुने सम्पत्ति तथा जिन्सी मालसामानको न्यूनतम कायम मुल्य (मु.अ.कर बाहेक) रु.३,५९,७०२.२५ (अक्षेरुपी तिन लाख उनान्साठी हजार सात सय दुई र पैसा पच्चिस मात्र) रहेको छ ।

# त्रिभुवन शान्ति माविर अम्मरसिंह मावि विजयी

**पोखरापत्र संवाददाता**
पोखरा, १६ बैशाख




पोखरा महानगरपालिका खेलकुद विकास समितिको आयोजना तथा महानगर क्रिकेट संघ पोखराको संयोजनमा पोखरा रंगशालामा जारी नगर स्तरिय टी-ट्वान्टी छात्रा क्रिकेट प्रतियोगिता अन्तर्गत आइतबारका खेलहरुमा त्रिभुवन शान्ति मावि र अम्मरसिंह मावि विजयी भएका छन् ।

पहिलो खेलमा त्रिभुवन शान्तिले सिर्जना माविलाई ४ विकेटले पराजित गरेको हो । पहिला व्याटिङ गरेको सिर्जनाले पुरा २० ओभरमा ६ विकेट गुमाएर १ सय २ रन बनाएको थियो । उसका लागि प्रनिशा अर्यालले १२ रन हानिन् । सिर्जनाले ७६ अतिरिक्त रन पाएको थियो। त्रिभुवन शान्तिको बलिङमा स्विकृती गुरुङले २ विकेट लिइन्।

१ सय ३ लक्ष्य पाएको त्रिभुवनले १४.४ ओभरमा ६ विकेट गुमाएर खेल आफ्नों पक्षमा पार्यो। त्रिभुवनका अमिसा सुनारले अभिजित १३ तथा त्रिशना विकले १० रन बनाइन् । उसले पनि ६५ अतिरिक्त रन पाएको थियो । सिर्जनाका बलरहरु दिपिका चौधरी, सुस्मिता पौडेल र सुस्मिता मगरले १/१ विकेट लिए। खेलमा सिर्जनाकी स्विकृती गुरुङ साथी कफी क्लास प्लेयर अफ द म्याच भइन् । उनलाई आयोजक समितिका अध्यक्ष दिपक बहादुर गोदारले पुरस्कृत गरे । आइतबारको अर्को खेलमा अम्मरसिंहले बाराही माविलाई ५ विकेटले पराजित गर्यो । पहिला व्याटिङ गरेको बाराहीले पुरा २० ओभरमा ८ विकेट गुमाएर १ सय १९ रन बनायो । बाराहीका सुगिता कुमालले १० रन जोडिन् । अम्मरसिंहको बलिङमा चन्द्रमाया बराल र सुस्मिता विष्टले समान २ विकेट लिए । प्रत्युत्तरमा अम्मरसिंहले १५.२ ओभरमा ५ विकेटको क्षतिमा विजय लक्ष्य प्राप्त गर्यो । अम्मरसिंहका लागि ३७ रन बनाएकि चन्द्रमाया साथी कफी क्लास प्लेयर अफ द म्याच भइन् । सुस्मिता विष्टले टिमका लागि २९ रन जोडेकी थिइन् । बाराहीका कुसुम राइले २ विकेट लिएकी थिइन् ।

# एसिया कप दुआथलनमा हिमाल र मञ्जु च्याम्पीयन

**पोखरापत्र संवाददाता**
पोखरा, १६ बैशाख



नेपालका हिमाल टमाटाले दुआथलन च्याम्पीयनसीपको उपाधि जितेका छन् ।

नेपाल ट्रायथलन एशोसियसन (एनटिए)को आयोजनामा पोखरामा आयोजित एसियन ट्रायथलन च्याम्पीयनसीपको अवसरमा आईतबार भएको दुआथलन प्रतियोगितामा टमाता प्रथम भएका हुन् । उनले निर्धारित ५ किलोमिटर दौड, २० किलोमिटर साईक्लिङ र पुनः २.५ किलोमिटर दौड ५१ मिनेट २४ सेकेण्डमा पार गर्दै च्याम्पीयन भएका हुन् । ट्रायथलनमा सहभागि भएका अधिकांश विदेशी खेलाडीले मौषमका कारण पोखरा छाडेपछि उनीहरु सहभागि नभएको प्रतिष्पर्धामा नेपालकै नवराज न्यौपानेले १ घण्टा ३ मिनेट ४७ सेकेण्डमा पार गर्दै दोश्रो, लक्ष्मण मल्लले १ घण्टा ४ मिनेट ५८ सेकेण्डमा पार गर्दै तृतीय र रमेश लिम्वुले १ घण्टा ६ मिनेट ५१ सेकेण्डमा पार गर्दै चौथो भए ।

च्याम्पीयनसीप अन्तर्गत आईतबार नै भएको महिला दुआथलन प्रतियोगितामापनि नेपाली खेलाडीहरु नै बिजेता बने । प्रतियोगितामा १ घण्टा १९ मिनेट ४५ सेकेण्डमा निर्धारित दुरी पार गरेकी मञ्जुकुमारी खड्का प्रथम, १ घण्टा २३ मिनेट ३६ सेकेण्डमा दुरी पार गरेकी पुष्पा रोकाया द्वितीय र १ घण्टा २८ मिनेट ३४ सेकेण्डमा दुरी पार गरेकी प्रमिला धमला तृतीय भईन् । च्याम्पीयनसीप अन्तर्गत भएको राष्ट्रिय दुआथलन प्रतियोगितामा एसियन दुआथलन च्याम्पीयनसीपका बिजेताहरु नै राष्ट्रिय दुआथलन प्रतियोगितामापनि बिजेता बने। विदेशी खेलाडी नहुँदा एसियन दुआथलन च्याम्पीयनसीप जितेका उनीहरुलाई नै राष्ट्रिय प्रतियोगितामापनि बिजेता घोषित भए । प्रतियोगितामा हिमाल टमाटा प्रथम, नवराज न्यौपाने द्वितीय, लक्ष्मण मल्ल तृतीय र रमेश लिम्वु तृतीय भएको नेपाल ट्रायथलन एशोसियसन (एनटिए) का उपाध्यक्ष सुमन देवकोटाले जानकारी दिए ।

एसियन ट्रायथलन च्याम्पीयनसीपमा सहभागि भएकाहरु पोखराको मौषम नखुलेपछि काठमाडौं फर्केका थिए । मौषम नखुलेका कारण दुआथलनमा सहभागी नभई विदेशी खेलाडीहरु बाहिरिएको उपाध्यक्ष देवकोटाले बताए । विदेशी खेलाडीहरुले भाग नलिएपछि नेपाली खेलाडीहरुले दुआथलनमा बर्चस्व जमाएको उनको भनाई छ । विदेशी खेलाडीहरु पोखरामै बसेर दुआथलनमा पनि भाग लिन चाहन्थे,उनले भने,'तर मौषमले साथ नदिएपछि उनीहरु काठमाडौं फर्किए ।' यसअघि आइतबार भएको एसिया कप ट्रायथलनमा पुरुषतर्फ ईजिप्टका सिफेलडिन ईसमेल र महिलातर्फ ईजराईलका ईड्डा जानेसडोटिर च्याम्पीयन बनेका थिए ।

# मौलिक पुख्यौंली नाच प्रतियोगितामा काफलडाँडाको समूह विजयी

**पोखरापत्र संवाददाता**
म्याग्दी, १६ बैशाख

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-२ भुरुङ तातोपानीमा शनिबार सम्पन्न सर्वाधिक पुरस्कार राशिको मौलिक पुख्यौंली नाच प्रतियोगितामा अन्नपूर्ण-८ काफलडाँडाको समूह विजयी भएको छ।

तीन दिनसम्म सञ्चालन भएको १२ समूहले सहभागिता जनाएको प्रतियोगितामा वडा नं १ दोवा दोस्रो र भुरुङ तातोपानी मैत्री समाज पोखरा तेस्रो भएका छन् ।

तीनवटै समूहलाई अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुन, प्रमुख प्रशासकीय अधिकृत अमृत सुवेदी, वडाध्यक्ष ओमप्रकाश फगामी लगायतले क्रमश नगद रु ७५ हजार, ६० हजार र ४५ हजारका दरले पुरस्कार वितरण गरे । मादलमा अन्नपूर्ण गाउँपालिका-७ रिमा, मारुनीमा वडा नं ५ शिख, हाइमार्ने (लामो स्वर निकाल्ने) मा पाउद्वार, भाका लय र शब्दमा काफलडाँडा, पोसाकमा वडा नं-४ नारच्याङ उत्कृष्ट भए भने वडा नं २ भुरुङ तातोपानीले अनुशासित समूहको उपाधी पाएका छन् । प्रतिभा पुन, डम्मर पुर्जा र लालबहादुर पुनको निर्णायक मण्डलले नृत्यको मूल्याङ्कन गर्नुभएको थियो ।

पुन, मगर समुदायको मौलिक संस्कृतिको रुपमा रहेको पूख्यौंली नाचको संरक्षण र प्रचारप्रसारका लागि भूमे पुजाको अवसरमा भुरुङ तातोपानीको वडा कार्यालयले पुख्यौंली नाच प्रतियोगिता आयोजना गरेको हो । “पुख्यौंली नाच पुन, मगर समुदायमा पूर्खौंदेखि चलिआएको पाइन्छ, पछिल्लो समय यो नाच युवा पुस्ताले अगाडि बढाउन नसक्दा हराएर जाने जोखिम बढेको थियो,” प्रतियोगिताका मूल संयोजक समेत रहेका वडाध्यक्ष ओमप्रकाश फगामीले भने “नयाँ पुस्तालाई संस्कृति हस्तान्तरण गर्ने माध्यमका रुपमा प्रतियोगिता आयोजना गरिएको हो ।'' प्रतियोगितामा सहभागी पुख्यौंली नाचमा अन्नपूर्ण गाउँपालिकाका विभिन्न वडाका जनप्रतिनिधि, आमा समूह, युवायुवती, बालबालिका र वृद्धवृद्धासमेतले सहभागिता जनाएका थिए ।

अन्नपूर्ण गाउँपालिकाले रु तीन लाख विनियोजन गरेको प्रतियोगिता सञ्चालन गर्न स्वदेश तथा विदेशमा रहेका भुरुङ- तातोपानीवासीको नेतृत्वमा रु १९ लाख सहयोग जुटेको छ । अन्नपूर्ण गाउँपालिका अध्यक्ष भारतकुमार पुनमगरले समुदायको सांस्कृतिक पहिचानको रुपमा रहेको पूख्यौंली नाच अन्तरपुस्ता हस्तान्तरणको लागि प्रतियोगिताले सहयोग पुग्ने बताए । उनले आगामी वर्षको नीति तथा कार्यक्रममा कला संस्कृति र सांस्कृतिक क्षेत्रलाई प्राथमिकतामा राखिने बताउँदै मौलिक कला र संस्कृतिको विकास, प्रवर्द्धन र प्रचारप्रसार गरिने बताए ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अमृत सुवेदीले पर्यटकीय सम्भावनाले भरिपूर्ण अन्नपूर्ण गाउँपालिकामा रहेका कला र संस्कृतिलाई सांस्कृतिक पर्यटनको माध्यमबाट स्थानीयको आयआर्जन वृद्धि र जीवनस्तर सुधारमा गाउँपालिकाले जोड दिएको बताए । अन्नपूर्ण गाउँपालिका स्थापना भएपछि पहिलो पटक आयोजना गरिएको पुख्यौंली प्रतियोगिताले भुरुङ गाउँमा सांस्कृतिक उत्सव छाएको थियो ।

# कैदी बन्दी न्यायीक सरोकारमा नल बहादुर मनोनित

**पोखरापत्र संवाददाता**
पोखरा, १६ बैशाख

मानव अधिकार तथा कैदी बन्दी न्यायीक सरोकार मञ्च नेपाल संस्थाको केन्द्रिय सदस्यमा पोखराका नल बहादुर गुरुङ मनोनित भएका छन् । मञ्चको हालै वसेको केन्द्रिय कमिटिको सर्वसम्मत निर्णयबाट गुरुङलाई केन्द्रिय सदस्यमा मनोनित गर्नुका साथै कास्की शाखा गठनको जिम्मेवारी समेत प्रदान गरेको छ।

मानव अधिकार तथा कैदी वन्दी न्यायीक सरोकार मञ्च नेपाल संस्था मानव अधिकारको पूर्ण संरक्षण, सम्बर्द्धन र विकास विना सामाजिक न्या प्राप्त हुन नसक्ने तथ्यलाई हृदयगम गर्दै मानव अधिकारको विश्वव्यापी मान्यता प्रति सहमति जनाउँदै मानव अधिकारमा विश्व व्यापकता, अत्मनिर्भरता जस्ता आधारभुत सिद्धान्त प्रति प्रतिवद्ध भइ गैर नाफा मूलक, गैर राजनितिक गैर सरकारी संस्थाको रुपमा स्थापना भएको हो। केन्द्रिय सदस्यमा मनोनित भएका नल बहादुर गुरुङले छिट्टै कास्की जिल्ला गठन गरी कारागारमा रहेका कैदी बन्दीहरुको न्याय प्रदान गर्दै उनिहरुको हकहितका लागि कार्य गर्ने वताए।

# बागलुङका ग्रामीण क्षेत्रमा मौलिक सीप लोपोन्मुख अवस्थामा

**पोखरापत्र संवाददाता**
पोखरा, १६ बैशाख





एक दशक अगाडिसम्म बागलुङका ग्रामीण क्षेत्रका मौलिक सीपले बजार पाउने गर्थे । हातमा सीप भएका बुढापाका पनि धेरै थिए । हिजोआज गाउँमा सीप भएको मान्छे कमैमात्रामा पाइन्छन् । उनीहरुले उत्पादन गरेका वस्तुले बजार पाउँदैन ।

आरन व्यवसायदेखि चोयाका सामग्री बनाउने काम गाउँमै गरिन्थ्यो । खेतबारी जोत्नका लागि हलो, जुवा पनि गाउँमै बनाउने प्रचलन थियो । अहिलेको जस्तो आधुनिक हलो भित्रिएको थिएन। वन जङ्गलबाट काठ काटेर ल्याई घरमै बनाइने ती सामग्री अहिले बिक्री हुँदैन् । बनाउने मान्छे पनि कम छन्। दही, मही र दूध राख्नका लागि प्रयोग गरिने ठेकी पनि बिक्री हुँदैनन् । विभिन्न जातजातिमा आधारित सीप नागरिकको जीवन निर्वाह गर्ने माध्यम थियो ।

परम्परागत सीप बिक्न छाडेपछि पछिल्लो समय मौलिकता नै सङ्कटमा पर्ने जोखिम बढेको छ । बागलुङको ग्रामीण समाज परम्परागत कृषि र पशुपालनमा आश्रित रहेको थियो । अहिले त्यो परिस्थिति फेरिएको छ । अचेल गाउँमा मान्छे कम छन् । उनीहरुले आयातित सामान प्रयोग गर्छन् । यसले आत्मनिर्भरभन्दा परनिर्भर बनाइरहेको छ । जिल्लाको ढोरपाटन नगरपालिका-९ का तुलासिंह पुन मगरले ९ वर्षको उमेरदेखि नै चोयाका सामग्री बुन्थे । डोको, नाङ्लो भ्रेरुङ्गो, पेरुङ्गोलगायतका सामग्री घरायसी काममा प्रयोग हुन्थे। अहिले ती सामग्रीको सट्टा प्लाष्टिकका सामान प्रयोग हुन थालेका छन् । घर्ती भन्छन्, “जुगजमाना सबै फेरिए, हाम्रो पालाको जस्तो छैन अहिले, उतिबेला बजारबाट नुन र चामल ल्याउँथे, लत्ताकपडा ल्याउँथे, अचेल सबैथोक बजारबाट आउँछ, प्लाष्टिकका सामान आउँछन्, यहाँ बनेका काठका, चोयाका र बाबियोका सामान प्रयोग नै गर्दैनन्, नजिकै बजार छ, पैसा भएपछि सबै एकछिनमा घरमा आउँछन्, सुविधा त भयो तर हाम्रो मौलिकता हरायो, सीप पनि हराउने नै भए ।”

निसीखोला गाउँपालिका-७ का प्रेमबहादुर विकले बाल्यकालदेखि नै काठका ठेकी बनाउन सिक्नुभयो । पछि ठेकी बनाएरै परिवार चलाउँदै आए। सात वर्ष यता ठेकी बिक्री हुन छाडेपछि उनले अहिले ठेकी बनाउने काम नै छाडे। आफूले बनाएका ठेकी किन्नका लागि टाढाटाढाबाट ग्राहक आउने गरेको भन्दै पहिले बनाएका ठेकी यतिकै थन्क्याइएको उनको भनाइ छ । मेला, पर्व र विभिन्न सार्वजनिक कार्यक्रम हुने स्थलमा डोकोमै बोकेर ठेकी बेच्न जाने गरेको स्मरण गर्दै अहिले धातुका ठेकीले गर्दा काठका ठेकी विस्थापित भएको विक बताउछन् ।

“मेरा छोरा नातिले पनि ठेकी बनाउन सिकेनन्, सिकेको भए पनि अहिले बिक्री हुने रहेनछ, हामीहरुले हाम्रा बाउबाजेले गरेको काम सिकेर गर्दै आयौं, हामी पछिका युवाले पुराना पुस्ताको सीप सिकेनन”, विकले भने, “मैले ठेकी बेचेर महिनामा उतिबेलाको रु ३० हजारसम्म कमाउने गर्थे, तर अहिले एउटा ठेकी पनि बिक्री हुँदैन, राज्यले आयातित सामानलाई प्रतिबन्ध गरेर स्थानीय उत्पादनलाई प्राथमिकता दिए हामी जस्तो हातमा सीप भएका मान्छेलाई जीविका चलाउन समस्या हुने थिएन ।” निसीखोला-५ का ६७ वर्षीय तिलबहादुर विकले अघिल्लो वर्षसम्म आरन सञ्चालन गरेरै जीविकोपार्जन गर्दै आउनुभएको थियो । बुद्धयौलीले गर्दा हातपाखुरा चल्न छाडेपछि उहाँले अहिले आरनमा काम गर्दैनन् । आफ्ना दुई भाई छोराले सानैबाट यो पेसाप्रति चासो नै दिएनन् । घरेलु औजार बनाइदिएबापत गाउँलेबाट हिसाब गरेर धान, गहुँ, मकैजस्ता खाद्यान्न उठाएर परिवार चलाउँदै आए पनि अहिले पेसा पूर्णरुपमा बन्द भएको छ ।आफूले १०/१२ वर्षको उमेरदेखि नै आरनमा काम गर्न सिकेको जनाउँदै अहिलेका कुनै पनि युवाले यस पेसाप्रति चासो नदिएको उनको भनाइ छ । अचेल बजारमा हसिया, खुकुरीदेखि सबै प्रकारका फलामका औजार पाउने भएपछि गाउँमा आरन व्यवसाय बन्द गर्ने स्थितिमा पुगेको विकले बताए ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २८ विमिरापानीमा सुर्केमैदान विमिरापानी खहरे सडक निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः सुर्केमैदान विमिरापानी खहरे सडक निर्माण
ठेगानाः पोखरा-२८, विमिरापानी
योजना सम्झौता मितिः २०८०/०८/२५ गते
योजना शुरु हुने मितिः २०८०/०८/२६ गते
योजना सम्पन्न मितिः २०८०/१२/२० गते
योजनाको कुल लागतः रु. २७,७७,८३६/-
महानगरपालिकाबाटः रु.२५,००,००० /-
जनसहभागिताबाटः रु.२,७७,८३६/-
उपभोक्ता समिति अध्यक्षः राधिकादेवि पौडेल
सचिवः बालकृष्ण त्रिपाठी

**गाईगौडा पुस्पबस्ती सडक निर्माण उपभोक्ता समिति**
**पोखरा-३३, गाईगौडा, पुस्पबस्ती**



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ३३ गाइगौडामा सडक निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः गाईगौडा पुस्पबस्ती सडक योजना
ठेगानाः पोखरा-३३, गाईगौडा, पुस्पबस्ती
योजना सम्झौता मितिः २०८०/१०/०५ गते
योजना शुरु मितिः २०८०/१०/०६ गते
योजना सम्पन्न हुने मितिः २०८०/१२/३० गते
योजनाको कुल लागतः रु. २२,२२,२४२।१४
महानगरपालिकाबाटः रु. २०,००,०००/-
जनसहभागिताबाटः रु.२,२२,२४२।१४
अध्यक्षः धनेश्वर अधिकारी सम्पर्क नं.: ९८२४१४१११९

**गाईगौडा पुस्पबस्ती सडक निर्माण उपभोक्ता समिति**
**पोखरा-३३, गाईगौडा, पुस्पबस्ती**



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २८ काफलघारी मा कुशीको चौतारो रिठाको बोट सडक निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः कुशीको चौतारो रिठाको बोट सडक निर्माण
ठेगानाः पोखरा-२८, काफलघारी
योजना सम्झौता मितिः २०८०/१०/१८ गते
योजना सम्पन्न मितिः २०८०/१२/३० गते
योजनाको कुल लागतः रु. १६,६९,५२०/
महानगरपालिकाबाटः रु. १५,००,००० /-
जनसहभागिताबाटः रु.१,६९,५२०/
उपभोक्ता समिति अध्यक्षः कृष्ण प्रसाद गौतम
सचिवः सुरेन्द्र गौतम

**कुशीको चौतारो रिठाको बोट सडक निर्माण उपभोक्ता समिति पोखरा-२८, विमिरापानी**